
# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. ०७५/०७६




**भोटखोला गाउँपालिका**
**हटिया, संखुवासभा**
**१ नं. प्रदेश, नेपाल**

## गाउँ सभा सदस्य ज्यूहरु,

१. भोटखोला गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०७५/०७६ को *वार्षिक नीति तथा कार्यक्रम* प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

२. लोकतन्त्र प्राप्तिको सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने *सहिदहरुप्रति श्रद्धाञ्जली* अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु।

३. संघात्मक शासन व्यवस्था नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षको उपलब्धि हो। यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको शासकीय व्यवस्था हो। राष्ट्रलाई यस युगान्तकारी मोडमा ल्याइपुऱ्याउने क्रममा जनताले गर्नुपरेको त्याग, बलिदान र व्यहोर्नुपरेको दुःखकष्टको पूर्ण सम्मान गर्दै *लोकतन्त्रको रक्षा, सुदृढीकरण* र सही प्रयोगमा यो स्थानीय सरकार अडिग रहनेछ।

४. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस *सरकारका आदर्श* हुनेछन्।

५. समृद्धि अब नेपालका लागि मृगतृष्णा मात्र हुन सक्दैन। विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। विकासका लागि*शान्ति र स्थायित्व*मा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ। तथ्य, तर्क र कनूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ। यस सरकारले लोकप्रियताका लागि काम गर्दैन, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुनेछ।

६. "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नेपाल सरकारको दीर्घकालीन उद्देश्य हासिल गर्न स्थानीय तहमा *"समृद्ध भोटखोला, सुखी भोटखोलाबासी"* को लक्ष्य हासिल गर्न विभिन्न विषयक्षेत्रगत नीति अवलम्बन गरिनेछ।

७. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न भोटखोला गाउँपालिका प्रतिबद्ध छ। यो प्रतिबद्धता पुरा गर्न भोटखोला गाउँपालिका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र *सहकार्यको लागि आव्हान* गर्दछ।

८. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७५/०७६ का नीति तथा कार्यक्रमहरु तय गरेको छ। यो आर्थिक वर्ष भोटखोला गाउँपालिकाको लागि *समृद्धिको इतिहास रच्ने आधार वर्ष* हुनेछ।

९. भोटखोला गाउँपालिकाले विकासप्रतिको सोच र प्रक्रिया, कार्यसंस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रुपान्तरण गर्नेछ। विकास नीति, रणनीति, कार्यनीति, कानून, संस्था, जनशक्ति र स्रोत साधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवम् मूल्याङ्कनका क्षेत्रमा *आमूल परिवर्तन* गरिनेछ।

१०. विकास, निर्माण, सुरक्षा, शासकीय सुधार लगायतका विविध पक्षमा अध्ययन अनुसन्धान गरी सरकारलाई नियमित सुझाव दिनका लागि विज्ञहरु सम्मिलित *सल्लाहकार समिति*को व्यवस्था गरिनेछ ।

११. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ *नीति* र *कानून निर्माण* गरिनेछ ।

सभाध्यक्ष महोदय,
गाउँसभाका माननीय सदस्य ज्यूहरु,

सर्वप्रथम, नेपालको इतिहासमै पहिलो पटक सबैभन्दा बढी अधिकार स्थानीय क्षेत्रमा आउने गरि सम्पन्न स्थानिय तहको ऐतिहासिक निर्वाचन पश्चात बस्दै गरेको भोटखोला गाउँपालिकाको गाउँसभाको दोस्रो अधिवेशनको दोस्रो बैठकमा उपस्थित हुनुभएका गाउँकार्यपालिकाका सदस्य तथा गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु ।
नेपालको इतिहासमा विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहाना अनुरुप लोकतन्त्रात्मक, गणतन्त्रात्मक शासन व्यावस्था युक्त वर्तमान स्वाधिन नेपालको स्थानिय सरकारको रुपमा रहेको यस भोटखोला गाउँपालिकाको गरिमामय दास्रो गाउँसभामा निति तथा कार्यक्रम र समग्र आय व्ययको विवरण प्रस्तुतत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महशुस गरेकोछु । साथै वर्तमान संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नु भएका समस्त ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

करिव २० वर्ष लामो समया सम्म जनप्रतिनिधि विहिन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरि जनताको विकासको चाहानाको सारथिको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र निति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खट्नु भएका विषयगत समितिका संयोजक ज्यूहरु प्रति हार्दिक बधाई ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

संखुवासभा जिल्लाको उत्तरपूर्वी भुभागमा अवस्थित ६३९.२ वर्ग कि.मि. क्षेत्रफल भएको भोटखोला गाउँपालिकाको भाग्य र भविष्य फैसला गर्ने चरणमा साक्षि हामी जनप्रतिनिधीहरु सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विधमान छन् । स्थानिय सरकारको रुपमा रहेको स्थानिय तहको पूर्ण कार्यन्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणली र प्रकृया भएकोले केही अन्योलता र दुविधाका बावजुत नेपालको संविधान, ऐन कानुन, मन्त्रालयहरुबाट प्राप्त परिपत्र तथा दिग्दर्शन आदीका आधारमा विभिन्न विषयगत बजेट सिलिङको आधारमा सहभागितामुलक तवरले आयोजना र कार्यक्रम छनौट गरि नीति कार्यक्रम र बजेट तर्जुमा गरेको छौं ।

आदरणिय महानुभावहरु,

अब म आगामी आ.व. ०७५/७६ का लागि योजना तर्जुमा गर्दा लिएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आर्थिक वर्ष ०७५/७६ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र निति तथा सिद्धान्तहरु चौधौ आवधिक योजनाका निम्ति रणनीति र प्राथमिकताहरु स्थानिय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वयत्त शासन नियमावली २०५६, स्थानिय तहको सेवा संचालन तथा व्यावस्थापन सम्बन्धी आदेश २०७४ तथा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिंन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस भोटखोला गाउँपालिकाको वस्तुगत आवश्यत्तालाई मुख्य आधार बनाइएको छ ।

**भोटखोला गाउँपालिकाको आ.व. ०७५/७६ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु :**

१. नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सूचि

२. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु

३. नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजीक प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली

४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य स्वीकृतीकरणको प्रतिवेदन

५. संघीय सरकारले अङ्गीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु

६. संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु

७. स्थानिय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु

८. नेपालको अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु

९. स्थानिय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु

१०. विकासका समसामयीक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, वाल मैत्री स्थानिय शासन, खुल्ला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तरसम्बन्धीत विषयहरु

११. भोटखोला गाउँपालिकामा देखिएका अन्य विषयहरु

**योजना/आयोजना छनौट गर्दा प्राथमिताका आधारहरु**

१. यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि आवश्क रहेका भौतिक पुर्वाधारहरु

२. उत्पादन मुलक र शिघ्र प्रतिफल दिने

३. आर्थिक विकास र गरिवी न्युनिकरणमा योगदान पुऱ्याउने

४. छिटो छरितो र प्रभावकारी रुपमा सेवा पुऱ्याउने

५. पारदर्शिता र सुशासन अभिवृद्धि हुने

६. स्थानिय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागीता अभिवृद्धि हुने ।

७. प्राकृतिक प्रकोप एवं विपद व्यावस्थापनमा सहयोग पुग्ने

८. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने

९. वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने

१०. गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने

११. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने

श्रीमान सभाध्यक्ष महोदय,

हामी यस आ.व. ०७५/७६ को वजेट तर्जुमा गर्दा आधार लिएका र आगामी दिनमा पुरा गर्ने गरि लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**भोटखोला गाउँपालिकाका समस्टीगत नीतिहरु :**

१. हाम्रो विकासको चाहना र जनभावना अनुरुप भोटखोला गाउँपालिकावासी जनताको आर्थिक सम्वृद्धिका लागि पाच वर्ष सम्म हामीहरुले गर्ने योजना, आयोजनाहरुको यो प्रथम आधार बजेटको रुपमा यो बजेट कार्यक्रम प्रस्तुत गरिएको छ ।

२. विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्ष्यमा पुग्न कठिनहुने यर्थाथलाई आत्मसाथ गर्दै यस आ.व. देखि गुणस्तरिय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गर्न दण्ड र पुरस्कारको नीति लिइनेछ ।

३. भौगोकि विकटता र परनिर्भरताको बजार हाम्रो गाउँपालिको चुनौति हो । यसलाई मध्यनजर गर्दै एकिकृत वस्ती निर्माण कार्यक्रम तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न र समृद्धिको आधार तय गरिनेछ ।

४. हाम्रो भोटखोला गाउँपालिकाको भौगोलिक विकटता, पूर्वाधारको कमिलाई मध्यनजर गर्दै यसलाई समस्या ग्रस्त गाउँपालिका नभई सम्भावनायुक्त गाउँपालिका बनाउने लक्ष्यका साथ प्रत्यक्ष जनसहभागितामा आधारित विकास निमार्णलाई प्राथमिकतामा राख्दै आर्थिक अनुशासन र पारदर्शिता सहितको हाम्रो गाउँ राम्रो वनाउ कार्यक्रमलाई शुरु गरिनेछ ।

५. प्रकृतिक श्रोत साधन र मानव संसाधनलाई अधिकतम उपयोग गर्दै उत्पादन र रोजगारीको क्षेत्रमा एउटा स्पष्ट गुरुयोजना बनाउने गरि कार्यक्रम ल्याईने छ ।

६. वडास्तरीय भेलाबाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुई भन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।

**आर्थिक विकास सम्बन्धी नीतिहरु :**

१. पशुपालन र कृषिको लागि ठूला कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यताको अध्ययन गरिनेछ ।

२. रोजगारको लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।

३. कृषि क्षेत्रलाई स्थानिय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिँचाई, मल, खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

४. उत्पादनमुलक र रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिईनेछ ।

**भौतिक पुर्वाधार सम्बन्धीत नीतिहरु**

१. यस भोटखोला गाउँपालिकाका प्राय सबै बस्तीहरुमा वर्षायाममा सडक यातायातको असुविधाहरुलाई मध्यनजर गर्दै सडक यातायातलाई मुख्य प्राथामिकतामा राखी वर्षै भरी सडक यातायात निरन्तर वनाउने लक्ष्यका साथ अघि बढिनेछ ।

२. विकास कार्यलाई सहज बनाउन एकिकृत वस्ती निमार्ण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३. जलश्रोत, सिचाँई र विद्युत सेवा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । राष्ट्रिय प्रशारण पुग्न समय लाग्ने क्षेत्रमा लघु जलविधुत सम्भव्यताको अध्ययन गरिनेछ ।

## सामाजीक विकास सम्बन्धी नीतिहरु

१. गाउँपालिका भित्रका विधालयहरुलाई आवश्यक्ताको आधारमा शैक्षिक सामाग्री उपलब्ध गराई गुणस्तरीय शिक्षाको जग बसाइनेछ ।

२. स्वस्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वामसेवकले पुऱ्याइएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहन गरिने नीति लिइएको छ ।

३. स्थानिय भाषा र सस्कृती संरक्षण सम्वर्द्धन गर्ने नीति लिइएको छ ।

४. लैंगिक समानता तथा सामाजिक समावेशिकण प्रवर्द्धन गर्न महिला, बालवालिका, दलित, फरक क्षमता भएका व्यक्तिहरु, आदिवासी जनजाती, युवा जेष्ठ नागरीक तथा क्षमता विकासका कार्यक्रमहरु सरोकारवाला निकाय संगको साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।

५. लक्षित सामुदायलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई उनिहरुको क्षमता तथा आर्थिक विकासका लागि जिविको पार्जन सुधार पहुँच अभिवृद्धि एवंम शसक्तिकरण कार्यक्रमलाई बढवा दिइनेछ ।

६. प्रत्येक वडामा कम्तिमा १/१ वटा विधालयलाई नमुना विद्यालय बनाउन सम्भाव्यता अध्ययन गरिनेछ ।

७. प्रत्येक घरधुरीलाई स्वास्थ्य र स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य लिइएको छ ।

८. शिक्षा र स्वास्थ्य क्षेत्रमा हाल सम्म भएका लगानीले स्वस्थ्य, शिक्षित र सभ्य नागरीकहरु उत्पादन भएको उपलब्धिलाई सस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । शिक्षा तथा स्वास्थय क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ ।

## वातावरण तथा विपद्ध व्यावस्थापन सम्बन्धि नीतिहरु

१. प्रकृतिक एंवम मानवीय संकट र प्रकोपबाट पूर्व सुरक्षा व्यावस्थापन र क्षतिपूर्तिलाई वैज्ञानिक रुपमा सञ्चालन गरिनेछ ।

२. वातावरण तथा जलवायु मैत्रि पूर्वाधारको विकाशमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एंवम दिगो व्यावस्थापन गरि आर्थिक रुपले महत्वपूर्ण वनस्पति तथा जडिबुटीको प्रसोधन निजी तथा सामुदायीक संस्थालाई सहभागी गराईनेछ ।

## संस्थागत विकास वित्तिय व्यावस्था र सुशासन सम्बन्धी नीति

१. सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरि छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।

२. सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन सुचना प्रविधिको उपयोग गरिनेछ ।

५. यस क्षेत्रमा उत्पादन हुने बहुमुल्य, औषधिजन्य जडिवुटिको उपयोग र सम्बर्द्धनका लागि एक जडिबुटी अनुसन्धान तथा प्रसोधन केन्द्रको स्थापना गरिनेछ ।

६. विगत २०५० सालमा जग्गा नाप जाँचको क्रममा छुट भएको ७ नं. फारममा उल्लेख भएका जग्गाहरु पुन नाप जाँच गरी जग्गा धनि पूर्जा उपलब्ध गराईनेछ ।

७. यस क्षेत्रको पर्यटन विकासका लागि एक विमान स्थलको निमार्ण गरिनेछ ।

८. यस ठाउँमा उत्पादित कच्चा पदार्थहरुलाई आवश्यक अनुसन्धान गरी घरेलु तथा साना उद्योग सञ्चालनमा ल्याइनेछ ।

९. भोटखोला गाउँपालिका भित्रका कला, सस्कृती, परम्पराको जर्गेना तथा स्तर उन्नती गर्नका लागि एक सास्कृतिक संग्राहलयको निर्माण गरिनेछ ।

१०. यस भोटखोला गाउंपालिका भित्रका शिक्षित बेरोजगार युवाको लागि उपयुक्त रोजगारको व्यावस्थापन गरिनेछ ।

११. समाजमा रहेका विकृति र विसंगतीको अन्त्य गरी उचित परम्पराको जर्गेना तथा संरक्षमा जोड दिइनेछ ।

१२. यस नवगठित भोटखोला गाउँपालिकाका निर्वाचित अध्यक्ष श्री तेम्वा भोटेको अध्यक्षतामा मिति २०७४/०४/४ मा गठन भएको काठमाडौं भोटखोला समन्वय समितिद्धारा जारी गरिएको योजनाको खाका तथा सुझावहरु क्रमागत रुपमा लागु गर्दै लगिनेछ ।

१३. यस भोटखोला गाउँपालिका भित्र रहेका प्रत्येक घरधुरीलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गरिनेछ ।

१४. परम्परागत रुपमा रहेको आम्जी उपचार विधिलाई स्तरोन्नती गर्दै समय सापेक्ष बनाउदै लगिनेछ ।

१५) यसै आर्थिक वर्ष देखि एकिकृत सम्पत्तिकर लागु गरिने छ ।

१६) भोटखोला गाउँपालिका अध्याँरो मुक्त गाउँपालिका बनाउने गतबर्षको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

१७) उपाध्यक्ष संग महिला कार्यक्रम लागु गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१८) भोटखोला गाउँपालिका लाई २१ औं शताव्दीको अनुकुल हुने गरि सुचना र प्रविधीको क्षेत्रमा सहयोग गरिने छ ।

१९) भोटखोला गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादनमा हौसला प्रदान गर्ने उदेश्यले आर्थिकरुपमा थप सुविधा उपलब्ध गराईने छ ।

३. यसै वर्षबाट सामाजिक सुरक्षा कार्यक्रम लिई MIS प्रणालीमा रुपान्तरण गर्ने व्यावस्था मिलाइएको छ । भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर MIS प्रणालीमा आवद्ध गरिनेछ ।

४. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारीत घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ ।

५. गाउँपालिकाको पार्श्ववचित्र निमार्ण गर्न आवश्यक वजेटको व्यावस्थापन गरिनेछ ।

६. पदाधिकारी एवंम कर्मचारीको क्षमता विकासमा जोड दिईनेछ । सो को लागि आवश्यक वजेटको व्यावस्था गरिएको छ ।

७. सेवा प्रवाहमा सहजता ल्याउन गाउँपालिकाको कार्यलयलाई फर्निचर, कम्प्यूटर तथा मेशिनरी औजारले सुशजित गरि सेवा प्रवाहलाई चुस्त र दुरुस्त वनाईनेछ ।

८. गाउँपालिकाको समृद्धिको लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ अवसर र सम्भावनाको खोजी गरी यस क्षेत्रमा संख्यात्मक, गुणात्मक वृद्धि गरिनेछ ।

९. दिगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजस्व संकलन र त्यसको समुचित परिचालन विना स्थानिय स्वयत्तताको प्रवर्द्धन गर्न सम्भव छैन । गाउँपालिकाको घोषणा सँगै राजस्वका क्षेत्र पहिचान गरि विस्तार गर्ने प्रयास गरिएको छ ।

१०. प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समंन्वय सँग समन्वय गरिनेछ । स्थानिय सामुदाय एंव स्थानिय प्रशासन सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिईनेछ । चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. आन्मनिर्भर गाउँपालिकाको सोच अनुरुप बढी भन्दा बढी आन्तरीक राजस्व परिचालन गर्न स्वघोषणमा आधारीत कर निर्धारण पद्धती अवलम्वन गरिनेछ । नागरीक स्वयमलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिइनेछ ।

**लक्ष्यहरु**

१. कोशिलासा राजमार्ग, जोगवनी किमाथांका सम्म ग्राभेल गरी जोड्नुका साथै प्रत्येक वडा र टोल वस्तीमा कृषि सडक पुऱ्याउने ।

२. लघु जललिधुत निर्माण कार्यलाई प्रोत्साहन गरी समग्र भोटखोलाबासिन्दालाई अध्यारो मुक्त गाउँपालिका बनाउने ।

३. स्वास्थ्य क्षेत्रको विकासका लागि भोटखोला गाउँपालिकामा सुविधा सम्पन्न ३० सैयाको अस्पताल निमार्ण गरि प्रत्येक गाउँ स्तरमा एक एक सामुदायिक स्वस्थ्य चौकीको निर्माण गरिनेछ ।

४. शिक्षा क्षेत्रको विकासको लागि एक सरकारी स्तरको सुविधा सम्पन्न उच्च मा.वि. को स्थापनाका साथै एक प्राविधक शिक्षालयको स्थापना गरिनेछ ।

सभध्यक्ष महोदय,

माननिय सदस्य ज्यूहरु,

यसरी आ.व. ०७५/७६ को निति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहदा बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ कार्यपालिका, वडा समितीका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिती, स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्यक्रम तर्जुमा समिती लगायत सम्पूर्ण विषयगत समितीका पदाधिकारी ज्यूहरु, टोल स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सक्रिय जनसामुदाय, बजेट निमार्ण प्रकृयमा अहोरात्र खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनहुने एवंम अमुल्य सहयोग, सदभाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। यस भोटखोला गाउँपालिकाको योजना आयोजना तथा कार्यक्रम निर्माण गर्ने क्रममा यहाँहरुबाट जसरी सहयोग प्राप्त भयो सोही बमोजीम कार्यन्वयनको पक्षमा समेत अमुल्य सहयोगको अपेक्षा राख्दछु। यो प्रयास मेरो एकलो प्रयास नभई समग्र भोटखोलाको प्रयास भएको व्यहोरा अनुरोध गर्दछु।

आदरणिय महानुभावहरु !

अव म आ. व. ०७५/७६ को खुद आम्दानी रु २१,३०,८८,६८६/६४ तथा सोहि बरावरको खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु।

| | |
|---|---|
| १) वित्तिय समानिकरण अनुदान | रु ६,००,००,०००/- |
| २) शसर्त अनुदान | रु ५,७२,००,०००/- |
| ३) प्रदेश सरकार बाट थप अनुदान | रु २२,९१,०००/- |
| ४) प्रदेश सरकार बाट समानिकरण अनुदान | रु ३२,९१,०००/- |
| ५) सवारी साधन कर | रु २६,१६,०००/- |
| ६) सामाजिक सुरक्षा भत्ता | रु १,४०,००,०००/- |
| ७) केन्द्रिय सरकारबाट सर्शत अनुदान | रु ४,०६,४२,०००/- |
| ८) आन्तरिक आम्दानी (भुमिकर) | रु १०,००,०००/- |
| ९) रजिष्टेशन शुल्क प्राप्त | रु १,५०,०००/- |
| १०) कर, दस्तुर र राजश्व | रु १५,३६,३५०/- |
| ११) पर्यटन शुल्क | रु २,५०,०००/- |
| १२) कर्कटपाता लिलाम बिक्रीबाट | रु ४०,०००/- |
| १३) गतवर्षको मौज्दात | रु ३,००,७२,३३६/६४ |
| जम्मा | रु २१,३०,८८,६८६/६४ |

**धन्यबाद ॥**